आज मिति २०८० साल वैशाख १५ गते शुक्रवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | | | |

प्रमुख प्रशासकीय अधिकृत
२०८०।१।१५

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर

०८०।१।१५
अशोक राई
अध्यक्ष

**प्रस्तावहरुः**

१. प्रदेश सरकार समपुरक अनुदान अन्तर्गतको योजना माग सम्वन्धमा

२. आर्थिक वर्ष २०८०/८१ को नीति कार्यक्रमको मापदण्ड तय सम्वन्धमा

३. प्रदेश सरकारलाई योजनाहरु माग सम्वन्धमा

४. योजनाहरुको म्याद थप सम्वन्धमा

५. योजनाहरुको सम्झौता सम्वन्धमा

६. यातायात साधन खरीदको सम्झौता तथा भुक्तानी सम्वन्धमा

७. पेश्की वेरुजु फर्छौटको प्रतिवेदन/सिफारिस तयारी सम्वन्धमा

८. गाउँसभामा पेश गर्ने ऐन र नियमावलिहरु तयारी सम्वन्धमा

९. वडा नं ६ को वडा कार्यालय भवन र स्वास्थ्य भवन निर्माणको जग्गा प्राप्ति सम्वन्धमा

१०. पाइप वितरण सम्वन्धमा

११. छुट घरभाडा सम्झौता सम्वन्धमा

१२. सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धमा

१३. डिजल खरीद सम्वन्धमा

१४. आर्थिक सहायता सम्वन्धमा

१५. विविध

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल भइ प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं.७१८, मिति २०७९/५/१४ गतेको पत्र अनुसार प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि २०७९(दोश्रो संसोधन) वमोजिम कार्यन्वयन गर्ने गरी समपुरक अनुदानको लागि प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा आर्थिक वर्ष २०८०/८१ को लागि तपशिल वमोजिमको योजनाहरु माग गर्ने ।

क) एकघर एकधारा कार्यक्रम(हातिपाईले दोश्रो खानेपानी योजना)संचालनको लागि रु.२००००००० ।(अक्षेरुपी दुइ करोडमात्र) क्रमागत ।

ख) बालंखा वजारीकरण पूर्वाधार निर्माण रु.१०००००००।(अक्षेरुपी एक करोडमात्र) ।

प्रमुख प्रशासकीय अधिकृत

भोजपुर

०८०/१/१५

अशोक राई

अध्यक्ष

**निर्णय नं. २**

प्रस्ताव नं.२ माथि छलफल भई आर्थिक वर्ष २०८०/८१ मा तपशिल वमोजिमको नीति कार्यक्रमको मापदण्ड वमोजिम वजेट वाँडफाँड तथा योजनाहरुको छनौट गर्ने ।

(क) श्रोत निर्धारण समितिले निर्धारण गरे वमोजिम विषयगत क्षेत्र वमोजिम मात्र योजनाहरु छनौट गर्ने ।
(ख) ५ लाख भन्दा माथिको न्यूनतम २ वटा योजनाहरु वडावाट छनौट गर्ने ।
(ग) योजनाहरु छनौट गर्दा गतवर्ष तयारी गरिएको योजना वैंकवाट छनौट गर्ने ।
(घ) सर्वेक्षण गरि निर्माण गर्ने नया सडकहरु छनौट नगर्ने ।
(ङ) खेलकुद क्षेत्रमा गाउँपालिकावाट वजेट विनयोजन गर्ने ।
(च) एकलाख मुनिको योजनाहरु छनौट नगर्ने । एकलाख मुनिको योजनाहरु छनौट भएमा एकमुष्ठ कार्यन्वयन गर्ने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल भई आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारका सम्वन्धित मन्त्रालयहरुलाई तपशिल वमोजिमको योजनाहरु माग गर्ने ।

**(क)स्वास्थ्य मन्त्रालय**

| सिन. | कार्यक्रमको नाम | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १. | स्वास्थ्य कार्यालयको भवन आमचोक ३ | ४ करोड | |
| २. | स्वास्थ्य कार्यालयको भवन आमचोक ६ | ४ करोड | |
| ३. | स्वास्थ्य कार्यालयको भवन आमचोक ९ | ४ करोड | |
| ४. | स्वास्थ्य कार्यालयको भवन आमचोक १ | ४ करोड | |
| ५. | स्वास्थ्य कार्यालयको भवन आमचोक २ | ४ करोड | |

**(ख)खानेपानी,सिंचाई तथा उर्जा मन्त्रालय**

| सिन. | कार्यक्रमको नाम | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १. | वुवाखोला सोलार लिफ्टिङ कार्यक्रम,१ दयला | १ करोड | |
| २. | खरवारी खानेपानी योजना आमचोक-७ | १ करोड | |

**(ग)आर्थिक मामिला तथा योजना मन्त्रालय**

| सिन. | कार्यक्रमको नाम | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १. | शीत भण्डार गृह निर्माण आमचोक ४ | २ करोड | डिपिआर तयारी भई जग्गा प्राप्ति भइसकेको |
| २. | किवि व्लक कार्यक्रम आमचोक | १ करोड | |
| ३. | आमचोक चिया प्रशोधन कारखाना निर्माण | २ करोड | (क्रमागत) |
| ४. | माछा पोखरी निर्माण आमचोक ८ तोयम्पा | १ करोड | |

**(घ)सामाजिक विकास मन्त्रालय**

| सिन. | कार्यक्रमको नाम | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १. | वालांखा कभर्ड हल निर्माण आमचोक ४ | १ करोड | |
| २. | सुरक्षित आवास गृह (Safe House ) | १ करोड | |
| ३. | वालांखा खेलकुद मैदान निर्माण आमचोक ४ | ३ करोड | |
| ४. | सामुदायिक भवन निर्माण आमचोक १० | १ करोड | |

प्रमुख प्रशासकीय अधिकृत
२०८०।१।१५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालांखा, भोजपुर

२०८०।१।१५
अशोक राई
अध्यक्ष

(ङ) भौतिक पूर्वाधार विकास मन्त्रालय

| सि.न. | कार्यक्रमको नाम | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १. | थिदिङ्खा वालांखा वयाङ घोरेटार सडक | २० करोड | डिपिआर तयारी भएको |
| २. | वयाङ पावला आमवोटे दुम्माना सडक स्तरोन्नती | ७ करोड | |
| ३. | वडा कार्यालय भवन निर्माण वडा नं १० | १ करोड | |
| ४. | बाल उद्यान निर्माण आमचोक ७ | १ करोड | वालमैत्री वडा घोषणाको लागि |
| ५. | यूँ वतासे वासिङ्थपू महादेवथान भिमेश्वरी सडक निर्माण,आमचोक-२ | २ करोड | |
| ६. | एखुवा खोला चिसापानी पक्की पुल आमचोक ७ र ८ | ३ करोड | |
| ७. | एखुवा खोला आमवोटे पक्कीपुल आमचोक ५ र ९ | ३ करोड | |
| ८. | वडा कार्यालय भवन आमचोक २ | १ करोड | |
| ९. | वडा कार्यालय भवन आमचोक ३ | १ करोड | |

(छ) पर्यटन,वन तथा वातावरण मन्त्रालय

| सि.न. | कार्यक्रमको नाम | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १. | थामडाँडा पर्यटन पुर्वाधार विकास कार्यक्रम | ३ करोड | डिपिआर तयारी भएको |
| २. | छौंखा सांकेवा पार्क निर्माण | २ करोड | डिपिआर तयारी भएको |
| ३. | थलथले पिकनिक स्पोर्ट निर्माण,आमचोक १ | १ करोड | |
| ४. | वयाङ पिकनिक स्पोर्ट निर्माण आमचोक ६ | १ करोड | |
| ५. | सिंहदेविथान वासिराङ व्यवस्थापन | ५० लाख | डिपिआर तयारी भएको |
| ६. | सिद्धथान पर्यटन विकास आमचोक १० | १ करोड | क्रमागत |
| ७. | बालंखा वजार ढल व्यवस्थापन | २ करोड | |
| ८. | श्री महायन देक्षन छ्योलिङ गुम्वा निर्माण, आमचोक १ | ३ करोड | डिपिआर तयारी भएको |
| ९. | हिमालयन महायान छ्योलिङ्ग गुम्वा,आमचोक-३ | ३ करोड | डिपिआर तयारी भएको |

**निर्णय नं. ४**

प्रस्ताव नं.४ माथि छलफल भई तपशिल वमोजिमको योजनाहरुको सम्पन्न हुन नसक्ने कारण सहित म्याद थपको आवेदन प्राप्त भएकोले तपशिल वमोजिम म्याद थप गर्ने ।

| क्र.सं. | योजनाको नाम र ठेगाना | म्याद समाप्त भएको मिति | कार्य सम्पन्न हुन नसक्ने कारण | म्याद थप गरिएको समय |
|---|---|---|---|---|
| १ | बाप्पा तेमाहाङ्ग सडक सर्भे तथा निर्माण आमचोक-३ | २०८०/१/१५ | स्काभेटर मेसिनको वकेट भाँचिएको | २०८०/२/३० |
| २ | तीनधारे खानेपानी ट्यांकी इन्टेक निर्माण आमचोक-३ | २०७९/११/२५ | निर्माण सामग्री उपलब्ध हुन ढिलाई भएको | २०८०/२/३० |
| ३ | भिमेश्वरी चुङ्नावुङ महादेव स्थान सडक मर्मत तथा स्तर उन्नती निर्माण आमचोक-३ | २०७९/१२/३० | काम गर्दा गर्दै मेसिन विग्रिएको | २०८०/२/३० |

प्रमुख प्रशासकीय अधिकृत २०८०।१।१५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

८०।१।१५ अशोक राई अध्यक्ष

**निर्णय नं. ५**
प्रस्ताव नं.५ माथि छलफल भई नेपाल सरकार वित्तिय समानीकरण अनुदानको अन्तिम त्रैमासिक निकासामा ५० प्रतिशत मात्र अनुदान प्राप्त हुने भएकोले आर्थिक वर्ष २०७९/८० मा सो वजेट शिर्षक अन्तर्गत गाउँसभावाट छनौट भई हालसम्म पनि सम्झौता नभएका योजनाहरुको सम्झौता नगर्ने ।

**निर्णय नं. ६**
प्रस्ताव नं.६ माथि छलफल भई जेष्ठ,अशक्त नागरिक यातायात सेवा सञ्चालन गर्नको लागि गाउँसभावाट विनियोजित वजेटवाट सवारी साधन खरीद गर्नको लागि आमचोक गाउँपालिकाको कार्यालयले मिती २०७९/१२/१५ गते सार्वजनिक खरीद ऐन २०६३ को दफा ८ को उपदफा (१) (क) (८) तथा सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम क्याटालग बिधिबाट सवारी साधन खरीद गर्ने सम्बन्धी सिलबन्दी प्रस्ताब आव्हानको सूचना प्रकाशन गरी सो सूचनाको अनुसार अन्तिम मिती सम्म ४ वटा उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताहरुको प्रस्तावहरु पेश भएको र उक्त पेश भएको प्रस्तावहरु परिक्षणका लागि प्रदेश सरकार,आन्तरिक मामिला तथा कानुन मन्त्रालयका मेकानिकल ईन्जिनियरद्वारा गराइएको र प्राबिधिक प्रस्ताबमा उतिर्ण ४ वटै उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताहरुलाई सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम ४ बमोजिम उत्पादक वा आधिकारिक बिक्रेताबाट तोकिएको मूलयमा छुट वा सुविधामा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताब माग गरिएको र अन्तिम मितीसम्म रोयल अटो ईन्टरप्राईजेज बिराटनगरबाट मात्र रु ४९,९५०००।– (अक्षेरुपी रु उनन्पचास लाख पन्चानब्बे हजार मात्र) मु.अ.क सहित कबोल गरी आर्थिक प्रस्ताब पेश भएको हुदा उक्त प्रस्तावदाताको प्रस्ताब सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम ५ बमोजिम न्यूनतम मूल्याङ्कित सारभुत प्रभाबग्राही प्रस्ताबदाता रहेको हुदा उक्त प्रस्ताबदातासँग (4 wheeler double cab Mahendra ) सवारी साधन खरीद गर्नका लागि नियमानुसार सम्झौता गरि खरीद गर्ने ।

**निर्णय नं. ७**
प्रस्ताव नं.७ माथि छलफल भई आमचोक गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ देखि हालसम्मको पेश्की तथा वेरुजु फर्छौट गर्नको लागि आवश्यक कागजात, असुल भएको प्रमाण तयारी गरी आर्थिक वर्ष २०८०/८१ को गाउँसभामा पेश गर्नको लागि कार्यपालिको वैठकमा मिति २०८० जेष्ठ ४ गते सम्ममा पेश गर्ने ।

**निर्णय नं. ८**
प्रस्ताव नं.८ माथि छलफल भई विधायन समितिले गाउँपालिकालाई आवश्यक पर्ने ऐन र नियमावलिहरु तयारी गरि आर्थिक वर्ष २०८०/८१ को गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने ।

**निर्णय नं. ९**
प्रस्ताव नं.९ माथि छलफल भइ आमचोक गाउँपालिकाको वडा नं.६ को स्वास्थ्य चौकी र वर्थिङ्ग सेन्टर भवन निर्माणको लागि आमचोक गाउँपालिका वडा नं ६ (साविकको देवानटार गा.वि.स. वडा नं.७) निवासी श्री मकर वहादुर पौड्यालको नाममा भोजपुर जिल्ला साविकको देवानटार गाविस वडा नं १ मा दर्ता कायम भएको किता नं.३ क्षेत्रफल ९-२-०-१ बाट ३ रोपनी र वडा कार्यालय भवन निर्माणको लागि आमचोक गाउँपालिका वडा नं ६ (साविकको देवानटार गाविस वडा नं ७) निवासी जनक वहादुर पौडेलको नाममा भोजपुर जिल्ला साविकको देवानटार गाविस वडा नं १ मा दर्ता कायम किता नं ४ क्षेत्रफल ८-१३-२-२ बाट ५ रोपनी काटिने गरि निशुल्क जग्गा उपलव्ध गराएकोले सो जग्गा प्राप्त गर्नको लागि वडा समितिले पनि उपयुक्त भएको ठहर गरे वमोजिम सो जग्गा प्राप्त गर्नको लागि स्वीकार गरी जग्गा प्राप्ति ऐन,२०३४ को दफा ५ वमोजिम जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारवाहि चलाउने अधिकारी यस गाउँपालिकाको वडा नं ६ का वडा सचिव श्री नारायण शर्मालाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १०**
प्रस्ताव नं.१० माथि छलफल भई गाउँपालिकाद्वारा खरीद गरिएको २० एमएमको पाइप सम्वन्धित सेवाग्राहिको निवेदन, प्राविधिकको अनुमान , वडा कार्यालयको सिफारिस र आवश्यक्ता अनुसार अनुगमन समितिको सिफारिस वमोजिम खानेपानीको समस्या व्यहोरीरहेको अपाङ्ग , वृद्ध , एकल महिला ,विपन्न परिवार र अति आवश्यक भएका वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरुलाई उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत २०८०/१/१५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंबा, भोजपुर

८०/१/१५
अशोक राई
अध्यक्ष

**निर्णय नं. ११**
प्रस्ताव नं.११ माथि छलफल भई कृषि तथा पशु शाखाको औषधी तथा अन्य सामग्रीहरु राख्नको लागि आमचोक ४ मा रहेको चित्र वहादुर खत्री संग ४ वटा कोठा मासिक रु,६६००। मा मिति २०७७ श्रावण १ गतेदेखि २ वर्षको लागि घर भाडामा लिएको भए पनि मिति २०७९ असार मसान्तदेखि म्याद सकिएको तर दुइवटा कोठा हालसम्म पनि कार्यालयले प्रयोग गरिरहेकोले प्रयोग भइरहेको २ वटामात्र कोठा भाडा सञ्चय आवृत्तिको नियम अनुसार १० प्रतिशत वृद्धि गरी मासिक रु.३६३०। मा २०८० असार मसान्त सम्मको नविकरण गरी नियम वमोजिम घरभाडा भुक्तानी दिने ।

**निर्णय नं. १२**
प्रस्ताव नं १० माथि छलफल भई सिद्धार्थ वैंक आमचोक शाखाका कर्मचारीहरु र एमआइएस शाखाका कर्मचारीहरु मिति २०८० वैशाख २७ गते देखि जेष्ठ ५ गते सम्म कार्यतालिका वनाइ वडास्तरमा गई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने ।

**निर्णय नं. १३**
प्रस्ताव नं.१३ माथि छलफल भई गाउँपालिकाको व्याकहोलोडरले सडक मर्मत गर्ने कार्य निरन्तर गरिरहेकोले सडक मर्मत गर्दा व्याकहोलोडरमा प्रयोग हुने ३६०० ( तिनहजार छसय लिटर) डिजल मर्मत सम्भार कोषवाट खरीद गर्ने ।

**निर्णय नं. १४**
प्रस्ताव नं.१४ माथि छलफल भई वडा कार्यालयको सिफारिस पत्र र अन्य आवश्यक कागजातहरु अस्पतालको रेफरपत्र वा प्रहरीको सर्जिमिन मुचुल्काको आधारमा माग भइ आएवमोजिम तपशिल अनुसार आर्थिक सहायता उपलव्ध गराउने ।

(क) आमचोक १ निवासी उमा राई कार्कीको आँखामा समस्या भई घोषा क्याम्प धरानमा उपचारर्थ रहेकोले अन्य सहायता शिर्षकवाट रु.१०,०००। उपलव्ध गराउने ।
(ख) आमचोक ८ निवासी लाल वहादुर मगर दिर्घ रोगी भएको र अति विपन्न र भएकोले अन्य सहायता शिर्षकवाट रु.१०,०००। उपलव्ध गराउने ।
(ग) आमचोक ४ निवासी पर्शुराम सुवेदीको आग्लागी भई सातलाख वयालिस हजार वरावरको क्षति भएकोले उदार राहत तथा पुनस्थापना शिर्षकवाट रु १००००।(अक्षेरुपी दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।
(घ) आमचोक ४ निवासी मिठीमाया राउतको आग्लागी भई दुइलाख त्रियासी हजार वरावरको क्षति भएकोले उदार राहत तथा पुनस्थापना शिर्षकवाट रु १००००।(अक्षेरुपी दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

**निर्णय नं. १५**
प्रस्ताव नं.१५ माथि छलफल भई प्रदेश सरकारद्वारा स्थानीय सेवाको गठन, सञ्चालन र सेवा शर्तहरु सम्वन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश २०८० को परिच्छेद-३ को दफा ८ को उपदफा (१६) वमोजिम निजामति सेवा वाहेक अन्य सेवावाट स्थानीय तहमा समान पदमा समायोजन भई आएका नवौं तहसम्मका स्थायी कर्मचारी तथा सङ्घीय लोकसेवा आयोगवाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई आएका र यो अध्यादेश जारी हुँदाका वखतसम्म तहवृद्धि नभएका कर्मचारीहरुलाई एकपटकको लागि एकतह वृद्धि गरिनेछ भनिए वमोजिम साविक जिविस/गाविसवाट समायोजन भइ आएको तपशिल वमोजिमको कर्मचारीहरुको एकतह वृद्धि गर्ने ।
तपशिल

| क्र.सं. | नाम | समायोजन भइ आएको पद र तह | हालको स्तर वृद्धि |
|---|---|---|---|
| १ | धन कुमार राई | तथ्याङ्क अधिकृत अधिकृत स्तर(छैटौं तह) | तथ्याङ्क अधिकृत अधिकृत स्तर(सातौं तह) |
| २ | जनक वहादुर राई | सहलेखापाल सहायक स्तर(चौथो तह) | लेखापाल सहायक स्तर(पाँचौं तह) |
| ३ | भिमलाल गिरि | असिस्टेन्ट सव ईन्जिनियर(सहायक स्तर चौथो तह) | सव ईन्जिनियर(सहायक स्तर पाँचौं तह) |

प्रमुख प्रशासकीय अधिकृत 2080/1/15

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

अशोक राई
अध्यक्ष